अध्याय १८

# सार्वजनिक वृत्त र नागरिक समाजको भूमिकामा नेपाली छापा माध्यम : संविधान निर्माण प्रक्रियाको सन्दर्भ

**प्रणब खरेल र कमलदेव भट्टराई**

## परिचय

पञ्चायती व्यवस्था विरुद्धको जनआन्दोलनपछि वि.सं. २०४७ मा बनेको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गऱ्यो। सोही संविधान अनुरूप ऐन र नियमावली बनेपछि सिर्जित सहज वातावरणले गर्दा निजी क्षेत्र पनि मिडियामा लगानी गर्न उत्साहित भयो। *नेपालको अन्तरिम संविधान,* २०६३ मा पनि पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरियो। यस अर्थमा नेपालमा लोकतान्त्रिक प्रक्रिया र स्वतन्त्र एवं स्वायत्त मिडियाको विकास सँगसँगै भएको मान्न सकिन्छ। नेपालको छापा पत्रकारिताले संविधान निर्माणको प्रक्रियालाई कसरी बुझे, कसरी ग्रहण गरे र कस्ता विचारलाई प्रवाह गरे भन्ने बारेको लेखाजोखा यस लेखले गरेको छ। साथै नेपाली पत्रकारिताले नागरिक समाजको भूमिका निर्वाह गर्न सक्यो कि सकेन भन्ने प्रश्नलाई मूलभूत रूपमा यहाँ सम्बोधन गर्न खोजिएको छ।

संघीयताको ढाँचा, शासकीय स्वरूप, निर्वाचन प्रणाली, विद्रोही लडाकु समायोजन र व्यवस्थापन, संक्रमणकालीन न्याय आदि जस्ता विषय शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रियासँगै जोडिएका थिए। संविधान निर्माण प्रक्रिया सत्ता साझेदारीसँग पनि जोडिएको थियो। यी महत्त्वपूर्ण राजनीतिक घटनाक्रमलाई नेपाली पत्रिकामा प्रकाशित समाचार, सम्पादकीय र विचारका साथै ती पत्रिकाका तत्कालीन नेतृत्वसँग गरिएको अन्तर्वार्ताको आधारमा लेखाजोखा गरिएको छ। हामीले पत्रकारका रूपमा आर्जन गरेको अनुभव समेत यस अध्ययनमा उपयोगी बनेको थियो। नेपाली "कर्पोरेट मिडिया" ले नागरिक समाज

सरह कसरी सार्वजनिक वृत्तको निर्माण र लोकतन्त्रीकरण प्रक्रियामा सहयोग गरे भन्ने पक्ष पनि यहाँ केलाइएको छ ।

कान्तिपुर पब्लिकेसन्सबाट प्रकाशन हुने *कान्तिपुर* र *द काठमाडौँ पोष्ट* दैनिकका साथै नेपाल रिपब्लिक मिडियाका *नागरिक* र *रिपब्लिका* दैनिकलाई यस अध्ययनका लागि छानिएको थियो । अन्य प्रकाशन गृहका प्रकाशनले चाहिँ विचार नै प्रवाह गरेनन् भन्ने होइन । तर प्रभाव र पहुँचको हिसाबले ठूलो लगानीकर्ता र दलीय शक्ति केन्द्र (सरकार र विपक्षी दुवै) सँग अन्तर सम्बन्धका हिसाबले यी दुई प्रकाशन गृह नै "एजेण्डा सेटिङ" मा संविधान निर्माणताका प्रभावशाली रहेकाले छनोटको प्राथमिकतामा परे । यी दुई प्रकाशन गृह एक अर्कासँग व्यापारिक प्रतिस्पर्धी त थिए नै, पत्रिकाका विषयवस्तु, प्रस्तुति, सम्पादकीय र सम्पादकले लिएको अडानले पनि यी फरक कित्तामा उभिएको देखिन्छ ।

यो अध्ययनमा गुणात्मक विधि अपनाइएको छ । यहाँ *कान्तिपुर*, *द काठमाडौँ पोष्ट*, *नागरिक* र *रिपब्लिका* दैनिकले वि.सं.२०६५ देखि २०७२ सम्म कस्ता विचारद्वारा सार्वजनिक वृत्तको निर्माण गरे भन्ने तुलनात्मक अध्ययन गरिएको छ । यस अवधिका सबै अंकहरूलाई एक-एक गरी केलाउन यो अध्ययनमा सम्भव नहुँदा प्रतिनिधिमूलक राजनीतिक घटनामा ती पत्रिकाले गरेको विचार सम्प्रेषणको विषयवस्तुलाई अध्ययनको दायरामा पारिएको छ । साथै, माथि उल्लिखित पत्रिकामा तत्कालीन समयमा नेतृत्वदायी भूमिका रहेका वा राजनीतिक समाचार संकलन गरेका पत्रकारहरूसँग अन्तर्वार्ता समेत लिइएको छ । त्यसैले पत्रिकामा प्रकाशित विषयवस्तु विश्लेषणका साथै पत्रकारहरू सँगको अन्तर्वार्ताबाट संकलित जानकारीको विश्लेषण पनि यस लेखमा छ ।

यस लेखलाई परिचय र निष्कर्ष बाहेक मुख्यतः पाँच खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा राजनीतिक परिदृश्य र संविधानसभाको सन्दर्भबारे चर्चा छ । दोस्रो खण्डले नेपाली कर्पोरेट मिडियाको बयान गर्छ । अध्ययन गरिएका पत्रिकाले संविधान निर्माणको सेरोफेरोमा गरेको विचार प्रवाहको विश्लेषण तेस्रो खण्डमा छ । मिडियाको विषयवस्तु समाचार कक्षसँग प्रत्यक्ष जोडिने हुँदा यसका आयामलाई चौथो खण्डमा लेखाजोखा गरिएको छ । यस लेखको पाँचौँ खण्डले नेपाली पत्रकारिता र सार्वजनिक वृत्तलाई जोड्न खोजेको छ ।

## राजनीतिक परिदृश्य र संविधानसभा

संविधानसभाको माग वि.सं. २००७ मा नै उठे पनि वि.सं. २०५२ मा सशस्त्र संघर्ष थालेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादी (यसपछि माओवादी) ले संविधानसभा मार्फत जनताले चाहे अनुसारको संविधान निर्माण गर्ने माग अगाडि सारेको हो । कालान्तरमा यही माग राष्ट्रिय मुद्दा बन्न पुग्यो र वि.सं. २०६४ मा पहिलो संविधानसभाको निर्वाचन

भयो । विशेषतः सीमान्तकृत र पछाडि पारिएका समुदायको अधिकारलाई स्थापना गर्ने हेतुले तत्कालीन माओवादीले ठूलो दलको रूपमा संविधान निर्माण प्रक्रियाको नेतृत्व गरेको थियो । तर निर्धारित समयमा शासकीय स्वरूप र संघीयताका विभिन्न विषयमा सहमति नजुटेकाले संविधान निर्माण हुन सकेन र पहिलो संविधानसभा विघटन भयो । वि.सं. २०७० मा दोस्रो संविधानसभाको चुनाव भयो जसले वि.सं. २०७२ मा नयाँ संविधान जारी गऱ्यो ।

संविधानसभाको पृष्ठभूमिमा वि.सं. २०४६ पछिका केही राजनीतिक परिवर्तन र आन्दोलनहरू महत्त्वपूर्ण थिए । वि.सं. २०४६ को जनआन्दोलनले सम्बोधन नगरेका विषयको जगमा माओवादीले फागुन १, २०५२ बाट सशस्त्र संघर्षको शुरूआत गऱ्यो । माओवादीले तत्कालीन सरकारलाई बुझाएको ४० बुँदे प्रस्तावमा नयाँ राजनीतिक प्रणालीको प्रारूप थियो । शुरूका वर्षमा वर्ग संघर्षको मुद्दा उठाएर आफ्नो आधार बनाएको माओवादीले पछि जातीय मुद्दालाई प्राथमिकतामा राख्यो । विभिन्न जनजातिका लागि छुट्टाछुट्टै राज्य बनाएर माओवादीले आफ्नो आन्तरिक आधार बनायो । यसले राजतन्त्र अन्त्य र गणतन्त्र स्थापना, समावेशी समानुपातिक प्रतिनिधित्व, भूमिसुधार, आर्थिक सामाजिक परिवर्तन लगायतका थुप्रै एजेण्डाहरू अगाडि ल्यायो । यद्यपि आरम्भमा यो त्यति व्यापक हुन सकेको थिएन ।

वि.सं. २०५८ मा भएको राजदरबार हत्याकाण्डपछि गणतन्त्रले मानिसको ध्यान तान्यो । हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्रले बिस्तारै प्रजातन्त्र, नागरिक अधिकार र मिडियामाथि आक्रमण गर्न थालेपछि तत्कालीन संसदवादी दल र माओवादी नजिकिए । त्यसपछि गणतन्त्रप्रति धेरैको आकर्षण बढ्यो ।

असोज १८, २०५९ र माघ १९, २०६१ को कदम मार्फत राजाले शासनसत्ता आफ्नो हातमा लिएपछि मिडियाको स्वतन्त्रता नै हरण भयो र राजतन्त्रको निसानामा मिडिया पऱ्यो । विचार प्रवाहको हिसाबले हेर्ने हो भने राजाको प्रत्यक्ष शासनकाल शुरू भएपछि नेपाली मिडियाले राजतन्त्र विपरीतका विचारलाई प्राथमिकता दिएको छ ।

तत्कालीन सात राजनीतिक दल र माओवादीको अनौपचारिक सहमतिमा भएको दोस्रो जनआन्दोलनका महत्त्वपूर्ण एजेण्डाहरू पूर्ण लोकतन्त्र, समावेशिता, धर्म निरपेक्षता र आर्थिक सामाजिक परिवर्तन थिए । जनआन्दोलनको सफलतापछि तत्कालीन सरकार र माओवादीबीच भएको सहमतिपछि सुरक्षा निकायमा "माओवादी सेना" को समायोजन, संक्रमणकालीन न्याय, नेपाली सेनाको उचित संख्या र लोकतन्त्रीकरण तथा राज्यका अन्य निकायको लोकतन्त्रीकरण, भूमिसुधार लगायतका विषयहरू बाहिर आए । संविधानसभा मार्फत प्रगतिशील र समावेशी संविधान सबै राजनीतिक दलको साझा एजेण्डा बन्यो ।

माओवादी आन्दोलनको अवतरणपछि मधेसमा एक प्रकारको विद्रोह शुरू भयो । १२ बुँदे सम्झौताका मुख्य हस्ताक्षरकर्ताहरू संघीयताको विषयमा मौन थिए र उनीहरूले यो

विषयलाई प्राथमिकता दिएनन् । यसपछि वि.सं. २०६३ को अन्तरिम संविधानमा पनि संघीयता उल्लेख गरिएन । तर मधेस आन्दोलनले संघीयतालाई अन्तरिम संविधानमा प्रवेश गरायो । त्यसपछि जातीय पहिचानको वकालत गर्ने संघ-संस्थाहरू पनि संविधान निर्माणको क्रममा निकै सक्रिय भए । तिनका मागप्रति तत्कालीन माओवादी नरम थियो ।

## नेपाली "कर्पोरेट मिडिया"

नेपाली सन्दर्भमा मिडियाले सामाजिक बहुलवादलाई स्थान दिएको वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि मात्रै हो किनकि पञ्चायती व्यवस्थाले परिकल्पना गरेको सार्वजनिक वृत्त राज्य केन्द्रित थियो । त्यसकारण राज्य विपरीतका विचारहरू त्यति बेला खुला रूपमा सम्प्रेषण हुन पाउँदैनथे ।[१] कसैले गर्नै खोज्यो भने पनि पत्रिका र प्रेस दुवै बन्द गरिदिने, सम्पादकलाई पक्राउ गर्ने, आर्थिक जरिवाना गर्नेसम्मका काम हुन्थे ।

वि.सं. २०४७ पछिको नेपाली पत्रकारितामा कान्तिपुर पब्लिकेसन्सको भूमिका उल्लेखनीय छ । वि.सं. २०४९ सालमा शुरू भएको यस पब्लिकेसन्सका दैनिक प्रकाशनहरू *कान्तिपुर* र द *काठमाडौँ पोष्ट* हुन् । यसका दुई लगानीकर्तामध्ये विनोद ज्ञवालीले यसबाट अलग्गिएर वैशाख ११, २०६४ मा नेपाल रिपब्लिक मिडिया प्रालि स्थापना गरे । कान्तिपुर पब्लिकेसन्सको डेढ दशक लामो एकछत्र पकडलाई टक्कर दिने विश्वास गरिएको यस प्रकाशन गृहले *नागरिक* दैनिक र *रिपब्लिका* दैनिक प्रकाशन शुरू गऱ्यो । पत्रकारहरू नारायण वाग्ले र अमित ढकालले क्रमशः *नागरिक* र *रिपब्लिका* दैनिकको नेतृत्व गरे । महत्त्वपूर्ण राजनीतिक परिवर्तनसँगै स्थापित नयाँ प्रकाशन गृहको असर प्रभावपूर्ण देखियो ।

कर्पोरेट मिडियाले सार्वजनिक हितलाई नबोक्ने हुँदा कतिपय सन्दर्भमा यसलाई नागरिक समाजको रूपमा मान्यता दिएको देखिँदैन । हाबरमास (सन् १९९१) ले उन्नाइसौँ शताब्दीमा युरोपको प्रसंग कोट्याउँदै त्यहाँको मिडियाले कर्पोरेट मिडियाको चरित्र अपनाउँदा बृहत्तर सार्वजनिक हित बेवास्तामा परेको तर्क गरेका छन् । साथै, विज्ञापनको संख्या बढ्दै जाँदा व्यापारिक स्वार्थ प्रभावी हुने र बृहत्तर हित ओझेलमा पर्ने उनको तर्क थियो । त्यससँगै सार्वजनिक वृत्तमा जति धेरै मान्छे वा समूहको प्रवेश हुन्छ, त्यो तार्किक समालोचनाको दृष्टिकोणले त्यति नै स्खलित हुँदै जाने उनको दाबी छ (भार्गव सन् २००५ मा उद्धृत) । हाबरमासलाई उद्धृत गर्दै राजीव भार्गव (सन् २००५ : २२–२३) लेख्छन्, "निर्णयहरू लेनदेन र सम्झौताका आधारमा गरिन्छ न कि तार्किक समालोचनाको आधारमा ।"

यसका अतिरिक्त हाबरमासले पत्रिकालाई दुई भागमा वर्गीकरण गरेका छन् । पहिलो, "साहित्यिक जर्नल" जसले मध्यम वर्गको सार्वजनिक चासोलाई प्राथमिकता दिई बहस र

[१] पञ्चायतकालीन र त्यस पछिको नेपाली मिडिया र सार्वजनिक वृत्तबारे थप जानकारीको लागि हेर्नुहोस् (वन्त र हुमागाईं सन् २०१७) ।

तर्कमा योगदान गर्दछ । अर्को थरी मिडिया चाहिँ नाफामुखी हुन्छ (हाबरमास सन् १९९१) । नेपाली सन्दर्भमा हाबरमासको तर्क विचार गर्ने हो भने आंशिक सहमति र असहमति दुवै रहन्छ । व्यापारिक र विज्ञापनिक स्वार्थ प्रभावी हुँदा बृहत्तर सार्वजनिक हितका कुराहरू नेपाली मिडियामा पनि बेला बखतमा ओझेलमा परेकै छन् । साथै, हाबरमासले भनेजस्तै नेपालको सार्वजनिक वृत्त र मिडियामा पनि मध्यम वर्गीय पहुँच र प्राथमिकता झल्कन्छ । तर कर्पोरेट चरित्र बोक्ने पत्रिकाले सार्वजनिक वृत्तको भूमिका दह्रोसँग निर्वाह गर्न सक्दैन भन्ने उनको तर्कलाई नेपालमा भने पुनर्विचार गर्न आवश्यक देखिन्छ ।

यस अध्ययनमा समेटिएका कान्तिपुर पब्लिकेसन्स र नेपाल रिपब्लिक मिडिया प्रालिका प्रकाशनमा साहित्यिक जर्नलको आंशिक विशेषता थियो र तिनले समाजमा रहेका सबै खालका विचारलाई स्थान दिए । अर्कोतर्फ, यी दुवै प्रकाशन गृह नाफामुखी एवं व्यावसायिक भूमिकामा पनि थिए । नाफामुखी र व्यावसायिक भन्नाले पैसा मात्रै नभएर प्रभाव र पहुँचको पनि कुरा आउँछ । राजनीतिक दलका नेतासँग मिडिया प्रकाशक र सम्पादकको सम्बन्धले यस्तो प्रभाव र पहुँच निर्क्योल गर्दछ । त्यसकारण हाबरमासले गरेको वर्गीकरण नेपालमा हुबहु लागू हुँदैन ।

नेपालको सन्दर्भमा कर्पोरेट मिडियाको उदय र लोकतन्त्रीकरणको प्रक्रिया विशेषतः वि.सं. २०४७ पछि एकैसाथ अगाडि बढेको हो । नेपालमा राजनीतिक परिवर्तनपछि निजी लगानीमा उदाएका प्रकाशन गृहले प्रजातन्त्रीकरण प्रक्रियामा खेलेको भूमिका सानो छैन । ती प्रकाशन गृहहरूले हाबरमासले भनेजस्तै साहित्यिक जर्नल र नाफामुखी पत्रिकाको विशेषता त बोकेकै छन्, यदाकदा तिनले विशद नागरिक समाजको भूमिका समेत निर्वाह गरेका हुन्छन् । तिनले विचार र सूचना प्रवाह गर्दै जनमत सिर्जना गर्नका लागि उल्लेखनीय योगदान गरेका हुन्छन् ।

संविधानसभाको प्रक्रिया बुझ्नेजान्ने भरपर्दो माध्यम बनेको छापा पत्रकारिता कतिपय अवस्थामा संविधान निर्माण सम्बन्धी छलफलमा विचार प्रकट गर्ने साझा चौतारी पनि बनेको थियो । सूचना प्रवाह मार्फत पत्रपत्रिकाहरूले सार्वजनिक वृत्त निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । संविधानसभाको सन्दर्भमा अध्ययनमा परेका दुवै प्रकाशन गृहले सबैखाले विचारलाई स्थान दिएका छन् ।[२]

नाफामुखी प्रवृत्तिबारे कुरा गर्ने हो भने नेता र मिडियाकर्मीहरूको सम्बन्धलाई बुझ्न जरुरी हुन्छ । त्यो परिप्रेक्ष्यमा कुन नेताको भनाइलाई कसरी प्रस्तुत गरियो र कसरी नेताहरूको संकथनलाई नै मिडियामा ज्यादा आधिकारिता दिइयो भन्ने बुझ्न आवश्यक हुन्छ । संविधानसभाले संसद्को पनि भूमिका निर्वाह गरेको सन्दर्भमा कर्पोरेट स्वार्थवश

[२] यद्यपि राजावादी विचारलाई *कान्तिपुर* दैनिकले पूर्ण रूपमा प्रतिबन्धित गरेको र *नागरिक* दैनिकले फाट्टफुट्ट रूपमा मात्रै सम्प्रेषण गरेको छ ।

नेपाली मिडियाले पनि राजनीतिक नेतृत्व सँगको सम्बन्धलाई उपयोग गर्न खोजेको थियो। उदाहरणको लागि, करमा राहतको माग गर्दै तत्कालीन राजनीतिक नेतृत्वसँग प्रकाशन गृहले लबिङ गरेको मात्र होइन, लोड सेडिङ चरम भएको अवस्थामा आफ्नो व्यवसाय विशिष्ट भएको तर्क गर्दै विद्युत प्राधिकरणसँग "डेडिकेटेड फिडर" को माग समेत गरेका थिए (खरेल र केसी सन् २०१८)।

## विचार प्रवाहको विश्लेषण

यस खण्डमा संविधान निर्माण र यससँग सम्बन्धित विषयहरूलाई कान्तिपुर पब्लिकेसन्स र नेपाल रिपब्लिक मिडियाका प्रकाशनले कसरी उठान गरे भनी चर्चा गरिएको छ।

शान्ति प्रक्रियाको एक महत्त्वपूर्ण पाटो माओवादी लडाकुहरूको समायोजन र व्यवस्थापन थियो। संविधान निर्माण प्रक्रियामा यो विषय निकै जोडतोडका साथ उठेको थियो नै, सरकार परिवर्तन हुँदा पनि यसबारे अत्यधिक चासो र चर्चा हुने गरेको थियो। साथै, नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन), लडाकु व्यवस्थापनको मध्यस्थकर्ता थियो। यसलाई हेर्ने दृष्टिकोणमा दुई प्रकाशन गृहबीच स्पष्ट विभाजन देखिन्छ। कान्तिपुर पब्लिकेसन्सबाट प्रकाशित अंग्रेजी दैनिक द *काठमाडौँ पोष्ट*ले अनमिन, उसका गतिविधि र उपस्थितिप्रति समग्रमा सकारात्मक भाव राखेको पाइन्छ। उदाहरणका लागि, मे ११, २००९ मा द *काठमाडौँ पोष्ट*मा प्रकाशित सम्पादकीयलाई लिन सकिन्छ। सो सम्पादकीयमा अनमिनप्रति बहिर्भाव बढ्दा शान्ति प्रक्रियालाई अरू धेरै नोक्सान हुने जिकिर गरिएको छ (द काठमाडौँ पोष्ट सन् २००९ए)। *कान्तिपुर* दैनिकका तत्कालीन प्रधान सम्पादक सुधीर शर्मा चाहिँ शिविरमा रहेका लडाकुलाई सुरक्षा अंगमा समायोजन गर्दा नै त्यस विषयको दिगो समाधान हुने आफूहरूको धारणा रहेको स्वीकार्छन्।[३] कान्तिपुर पब्लिकेसन्सकै *नेपाल* म्यागेजिनले पनि शान्ति प्रक्रिया र त्यसको पनि प्रमुख पक्ष सेना समायोजनमा विशेष जोड दिएको विषय एक अर्को अध्ययनले देखाएको थियो (क्षेत्री २०६९)।

अनमिनको औपचारिक बिदाइपछि समेत रहेको त्यसको सानो कार्यालयलाई द *काठमाडौँ पोष्ट* दैनिकले सन्तोषजनक मानेको थियो भने नेपाल रिपब्लिक मिडियाका प्रकाशनको अडान सो कार्यालय सकेसम्म छिटो बन्द हुनुपर्ने थियो। *कान्तिपुर*को सम्पादकीय नेतृत्वले पनि अनमिनको पक्ष लिएको देखिन्छ। शान्ति प्रक्रिया टुंगोमा नपुग्दासम्म अनमिनले कुनै न कुनै भूमिका खेल्नुपर्ने धारणा *कान्तिपुर*को रहेको तत्कालीन प्रधान सम्पादक शर्माको स्वीकारोक्ति थियो।[४] उनको बुझाइमा तत्कालीन राजनीतिक दलहरूबीच अनमिनले शक्ति सन्तुलनको भूमिका निर्वाह गरेको र सो कार्यले हिंसाको

[३] शर्मासँग भदौ २९, २०७६ मा गरिएको कुराकानी।

[४] शर्मासँग भदौ २९, २०७६ मा गरिएको कुराकानी।

गतिविधि पनि घटाउन सहयोग गरेको थियो । तर *रिपब्लिका* र *नागरिक* दैनिकले भने अनमिनका गतिविधि र कामहरूप्रति आलोचनात्मक दृष्टिकोण राखेका थिए । *नागरिक* दैनिकले “माओवादी सेना” लाई नेपाली सेनामा समायोजन गरिनु हुँदैन भन्ने दृष्टिकोण झल्कने सामग्री प्रकाशन गरेको थियो । *नागरिक* दैनिकका तत्कालीन समाचार संयोजक गुणराज लुइँटेलले व्यावसायिक सेनामा राजनीतिक विचारधारा बोकेको सेना समायोजन गर्नुहुन्न भन्ने आफूहरूको बुझाइ रहेको र त्यही किसिमको अडान लिएको बताए । उनी नेपाली काँग्रेसले सेना समायोजनमा लिएको अडानले कतै न कतै पत्रिकालाई प्रभावित पारेको कुरा स्वीकार गर्दछन् । सेना समायोजनमा नेपाली काँग्रेसका केही नेताको विचारबाट आफूहरू प्रभावित भएको हुनसक्ने लुइँटेल स्वीकार्छन् ।[५]

*नागरिक* र *रिपब्लिका* दैनिकले अनमिनबारे नकारात्मक भाव बोकेका समाचार र विचारलाई प्राथमिकता दिनुका साथै आलोचनात्मक सम्पादकीय प्रकाशन गरेको पाइन्छ । विशेषतः अनमिनले आफ्नो मुख्यालयमा बुझाउने प्रतिवेदनहरू एकदमै गलत र दिग्भ्रमित हुने निष्कर्ष *रिपब्लिका*को थियो । तत्कालीन अनमिन प्रमुख करिन ल्याण्डग्रिनको कामप्रति असहमति जनाउँदै *रिपब्लिका*ले मे २६, २००९ मा राष्ट्रसंघलाई उनले अतिरञ्जित तथ्य भएको प्रतिवेदन पेस गरेको सम्बन्धी समाचार प्रथम पृष्ठमा प्राथमिकताका साथ प्रकाशित गऱ्यो (रिपब्लिका सन् २००९ए) । सोही अंकमा अनमिनप्रति कडा दृष्टिकोण राख्ने नेपाली काँग्रेसका नेता रामशरण महत (सन् २००९) को “लेटर टु अनमिन चीफ टु नेपाल” शीर्षकमा विचार छापियो । भोलिपल्ट *रिपब्लिका*ले ल्याण्डग्रिनलाई फिर्ता पठाउन माग गर्दै सम्पादकीय समेत प्रकाशन गरेको थियो (रिपब्लिका सन् २००९बी) । अन्तर्वार्ताको क्रममा पनि *रिपब्लिका* दैनिकका तत्कालीन प्रधान सम्पादक अमित ढकालले अनमिनको काममा केही त्रुटि देखिएका कारण आफूहरूले त्यसलाई बाहिर ल्याएको र आलोचनात्मक दृष्टिकोण राखेको बताए ।[६]

शान्ति प्रक्रियाको अर्को महत्त्वपूर्ण विषय संक्रमणकालीन न्याय हो । संविधान निर्माण प्रक्रियाभर यस विषयलाई प्रकाशन गृहले त्यति प्राथमिकता दिएको पाइँदैन । मिडियाको समाचार कभरेज हेर्दा दुई पाटोबाट बढी समाचार आएको पाइन्छ । पहिलो, माओवादी द्वन्द्वबाट प्रभावित परिवारको वेदनाका कथाहरू, उनीहरूले गरेका प्रर्दशन र दोस्रो, दलहरूबीच भएको सहमतिका समाचार । समग्रमा संक्रमणकालीन न्याय कस्तो हुन्छ, कस्ता संयन्त्रहरूको आवश्यकता हुन्छ, कस्ता विषयहरूलाई यसले प्राथमिकता दिन्छ भन्नेबारे भने मिडियाले खासै गहन विचार प्रवाह गरेको पाइएन । संक्रमणकालीन न्याय सम्बन्धी संरचना निर्माणका लागि कानून बनाउने भन्ने विषयमा दलहरूबीच सहमति

[५] लुइँटेलसँग भदौ ६, २०७६ मा गरिएको कुराकानी ।

[६] ढकालसँग भदौ २२, २०७६ मा गरिएको कुराकानी ।

भएपछि मात्रै यसबारे केही सामग्री मिडियामा देखा पर्न थाले । दलहरू बीचको बहस र लेनदेनमा यसले प्राथमिकता पाए पनि यो प्रक्रियाका अन्य पक्षहरूबारे कभरेज देखिँदैन । शान्ति प्रक्रियामा दैनिक पत्रिकाको भूमिकाबारे गरिएको एक अध्ययनले विषयवस्तुको गहन अध्ययनभन्दा पनि सतही समाचार प्रस्तुत गर्नमा नेपाली समाचारपत्रहरू केन्द्रित रहेको निष्कर्ष निकालेको छ (क्षेत्री २०६५) । सञ्चारमाध्यमले यथार्थपरक सामग्रीभन्दा पनि अर्थ-राजनीतिको आधारमा समाचार र विचार प्रवाह गर्छन् भन्ने तर्कलाई शान्ति प्रक्रियाको अवधिमा नेपाली पत्रिकाले पुष्टि गरेको उक्त अध्ययनको दाबी छ ।

अब संविधान निर्माणका मुख्य र विवादित विषयहरूमा ती दुई प्रकाशन गृहका विचार र समाचारबारे चर्चा गरौँ । यस प्रक्रियामा संघीयताको विषय निकै पेचिलो बनेको थियो । माओवादी र केही जनजाति समूह पहिचान सहितको जातीय राज्यको पक्षमा थिए । पहिलो संविधानसभाको राज्य पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले १४ प्रदेशको अवधारणालाई अगाडि सारेको थियो । तत्कालीन माओवादी र मधेसवादी दलहरू यही आधारमा राज्यको पुनर्संरचना गर्ने पक्षमा थिए तर नेपाली काँग्रेस र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (एमाले) त्यसको विपक्षमा थिए (भट्टराई २०७२) ।

मधेसवादी दलहरू मधेसमा छुट्टै प्रदेश चाहन्थे र समानुपातिक समावेशी प्रतिनिधित्वको माग जोडदार रूपमा उठाइरहेका थिए । उता नेपाली काँग्रेस र एमाले भने पहिचान बिनाको थोरै अर्थात् ६–७ प्रदेशको पक्षमा थिए । सामर्थ्यको आधारमा प्रदेश बनाउनुपर्छ भन्ने अडानमा यी दुई दल थिए । पहिलो र दोस्रो संविधानसभाको अवधिभर संविधानका विवादित विषयमा निकै बहस भयो जसको प्रतिबिम्ब यी दुई प्रकाशन गृहका पत्रिकामा पनि झल्किन्छ ।

संविधान निर्माणको अन्तिम चरणमा *कान्तिपुर* दैनिकले सबैलाई समेटेर लैजानुपर्ने र त्यसका लागि आवश्यक परेमा प्रक्रिया केही पर सार्न सकिने अडान लिएको बुझिन्छ (कान्तिपुर २०७२) । तर, *नागरिक* दैनिकले भने प्रक्रिया सार्न नहुने र संविधान जारी गर्नुपर्ने अडान लिएको देखिन्छ । दोस्रो संविधानसभामा मधेसी दलहरूको विरोधप्रति असहमत हुँदै संविधान निर्माण प्रक्रिया रोक्न नहुने जिकिर *नागरिक* दैनिकले गरेको थियो (नागरिक २०७२क, २०७२ख) ।

संविधान निर्माणको अर्को महत्त्वपूर्ण विषयवस्तु शासकीय स्वरूपको थियो । विशेषतः संसदीय प्रणाली र प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीको विषयमा दलहरू विभाजित थिए । बीचमा एमालेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेण्डा अगाडि सारेको भए पनि पछि भने ऊ संसदीय प्रणालीमा नै सहमत भयो । मिडियाको सम्पादकीय कक्षको नेतृत्वमा रहेका केही व्यक्तिहरूले व्यक्तिगत र संस्थागत हिसाबले शासकीय स्वरूपमा अडान

लिएको देखिन्छ । *कान्तिपुर* दैनिकका तत्कालीन प्रधान सम्पादक सुधीर शर्माले पुस २०, २०६८ मा “प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा” शीर्षकमा एक लेख प्रकाशित गरेका छन् । उनले सो लेखमा भनेका छन्, “राजनीतिक स्थायित्व ल्याउने हो भने जनताबाट सिधै चुनिने कार्यकारी प्रमुखको व्यवस्था गनुपर्छ” (शर्मा २०६८ : ६) । उनले लेखमा प्रत्यक्ष निर्वाचित कार्यकारी किन चाहिन्छ भनी लामो तर्क र व्याख्या गरेका छन् । यद्यपि सो लेख आफ्नो व्यक्तिगत भएको भन्दै शर्माले यसले पत्रिकाको आधिकारिक धारणाको प्रतिनिधित्व नगर्ने बताए ।[७]

संविधान निर्माण प्रक्रियासँगै जोडिएको अर्को महत्त्वपूर्ण विषय दलहरू बीचको सत्ता साझेदारीको संघर्ष थियो । पहिलो संविधानसभाको निर्वाचन लगत्तै माओवादी सबैभन्दा ठूलो दलको रूपमा उदायो र पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा सरकार बन्यो । प्रचण्ड प्रधानमन्त्री भए लगत्तै सेना र राज्यका अन्य निकायसँग उनको टकराव बढ्यो जसका कारण सरकार नै ढल्यो । सेनाका तत्कालीन प्रधानसेनापतिलाई कारबाही गरेको दिन द *काठमाडौँ पोष्ट*ले प्रथम पृष्ठमा प्रकाशित समाचारको शीर्षकलाई सम्पादकीयकरण गरेको थियो । अप्रिल २२, २००९ को पहिलो पृष्ठमा छापिएको सो समाचारमा तत्कालीन सेना प्रमुख रुक्माङ्गत कटवाललाई स्पष्टीकरण सोधिएको विषय सविस्तार वर्णन गरिएको छ (द काठमाडौँ पोष्ट सन् २००९बी : १) । तर त्यसले कसरी नागरिक सर्वोच्चता स्थापित गऱ्यो भन्नेबारे भने कहीँकतै स्पष्ट पारिएको छैन । *कान्तिपुर* दैनिकले तत्कालीन माओवादी नेतृत्वको सरकारले चालेको यस कदमको पक्षमा समाचार, विचार र सम्पादकीय प्रकाशन गरेको पाइन्छ । प्रधानसेनापतिलाई सरकारले प्रश्न सोधेको सन्दर्भमा वैशाख ८, २०६६ मा *कान्तिपुर* दैनिकमा छापिएको “स्पष्टीकरण प्रकरण नबढाऊ” शीर्षकको सम्पादकीय भन्छ, “सरकारका निर्णय वा निर्देशन चित्त नबुझे सेनाले निर्धारित प्रणाली मार्फत असहमति जाहेर गर्नसक्छ तर नागरिक सर्वोच्चता उल्लंघन गर्ने गरी त्यसलाई व्यवस्था गर्न सक्दैन, मिल्दैन” (कान्तिपुर २०६६क : ६) ।

प्रधानसेनापतिलाई हटाउने उद्देश्यले सोधिएको स्पष्टीकरणका कारण राजनीति पूरै विभाजित भएको सन्दर्भमा सो सम्पादकीय आएको थियो । त्यसैले वैशाख २२, २०६६ गते प्रकाशित *कान्तिपुर*को विशेष सम्पादकीय भन्छ, “गणतन्त्र स्थापना र जनतामा सार्वभौमसत्ता आइसक्दा पनि निर्वाचित सरकार सैन्य अंग र राष्ट्रप्रमुखको छायाँमा नै रहनुपर्ने गम्भीर विरोधाभाष उत्पन्न भएको छ” (कान्तिपुर २०६६ख : १) ।

कटवाल प्रकरणभन्दा अगाडि *कान्तिपुर*मा सम्पादक सुधीर शर्माले आफ्नो बाइलाइनमा नै सेनाले “सफ्ट कू” को तयारी गरेको, भनी लेखेको समाचार निकै चर्चामा रह्यो । विशेष गरी प्रचण्डलाई कटवाल विरुद्ध कदम चाल्नका लागि सहयोग गर्ने उद्देश्यले सो समाचार

[७] शर्मासँग भदौ २९, २०७६ मा गरिएको कुराकानी ।

आएको भनी विश्लेषण भइरहेको थियो । तर, सम्पादक शर्मा भने यसलाई मान्न तयार छैनन् र आफ्नो समाचार सत्य रहेको अडान लिन्छन् ।[८] कटवाल घटनाको सेरोफेरोमा कान्तिपुर पब्लिकेसन्सका प्रकाशनको तुलनामा नेपाल रिपब्लिक मिडियाका प्रकाशन माओवादीप्रति कडा देखिए । *नागरिक* र *रिपब्लिका* दैनिकमा माओवादीले सेनामा कब्जा जमाउने खोजेको भन्दै राष्ट्रपतिको कदमको समर्थनमा सम्पादकीय र समाचार आएका थिए । *नागरिक* दैनिकले आफ्नो विचार पृष्ठमा माओवादीको नियतमाथि प्रश्न गर्दै सत्ता कब्जा गर्न खोजेको छनक दिने विचारहरूलाई सम्प्रेषण गरेको थियो । वैशाख २५, २०६६ मा तत्कालीन प्रधानसम्पादक नारायण वाग्लेको "छापामारको सर्वोच्चता" नामक लेख विचार पृष्ठमा छापिएको छ (वाग्ले २०६६) । त्यसै गरी "नागरिक सर्वोच्चता र सत्ता कब्जा" शीर्षकमा प्रकाशचन्द्र लोहनी (२०६६) द्वारा लिखित लेखले माओवादी सरकारले ज्यादती गरेको दाबी गरेको छ । सोही आशय सहित तत्कालीन समाचार सम्पादक गुणराज लुइँटेल (२०६६) ले "लाल अधिनायकवाद" शीर्षकमा लेख लेखेका छन् । *नागरिक* दैनिकमै कटवाल प्रकरणमा माओवादीले संविधान मिचेको भन्ने आरोप लगाइएको नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल (२०६६) को लेख छापिएको छ ।

तत्कालीन *रिपब्लिका* दैनिकका प्रधान सम्पादक अमित ढकालले आफूहरूले उदारवादी लोकतन्त्रको पक्षमा वकालत गरेको र माओवादीले त्यस मान्यताप्रति विश्वास नराख्ने बुझेर माओवादीको कदमलाई लेखाजोखा गरेको स्पष्ट पारे ।[९] तत्कालीन सेना प्रमुख कटवालको बर्खास्ती प्रकरणमा आफ्नो व्यावसायिक प्रतिद्वन्द्वी द *काठमाडौँ पोष्ट* र आफ्नो नेतृत्वको *रिपब्लिका*को अडानसँग दाँज्दै *कान्तिपुर* र द *काठमाडौँ पोष्ट*ले माओवादीको कदमलाई बल पुग्ने सम्पादकीय लेखेको तर आफूहरू भने तत्कालीन सरकारको उक्त कदम विरुद्ध उभिएको बताए । संविधानसभाका शुरूआती समयमा पनि *नागरिक* दैनिकमा माओवादीप्रति कटाक्ष गर्दै दिनानुदिन जस्तै लेखहरू छापिएका उदाहरण छन् ।

महत्त्वपूर्ण राजनीतिक घटनाक्रममा *कान्तिपुर* पब्लिकेसन्सका प्रकाशनहरू माओवादीप्रति नरम भएको अर्को बलियो उदाहरण हो—संविधानसभाको निर्वाचनपछि सहमतीय प्रणालीलाई नै निरन्तरता दिनुपर्ने माओवादी अडान र त्यसलाई परिवर्तन गर्नुपर्छ भन्ने अन्य दलको अडानको विषय । राजनीतिक बहस भइरहेकै समयमा वैशाख १७, २०६५ मा प्रकाशित सम्पादकीयमा *कान्तिपुर* लेख्छ, "संविधान निर्माणमा दुई तिहाई सहमति चाहिने व्यवस्था अनुकूल हुन्छ । त्यसले सर्वसम्मत संविधान लेखनमा मद्दत गर्छ" (कान्तिपुर २०६५ : ६) । यस बाहेक पनि *कान्तिपुर* दैनिकले नागरिक सर्वोच्चतामा जोड दिँदै सहमति र सहकार्य मार्फत अगाडि बढ्न आग्रह गर्दै सामग्रीहरू प्रकाशन गरेको थियो ।

[८] शर्मासँग भदौ २९, २०७६ मा गरिएको कुराकानी ।

[९] ढकालसँग भदौ २२, २०७६ मा गरिएको कुराकानी ।

अर्को महत्त्वपूर्ण विषय भनेको संविधानसभाको पहिलो दुईवर्षे अवधि सकिने समय हो । त्यसताका *कान्तिपुर* र *नागरिक* दुवैले संविधानसभाको म्याद थपेर भए पनि संविधान निर्माण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आग्रह गर्दै विशेष सम्पादकीय समेत लेखेका थिए । त्यति बेला सबै पत्रिकाको धारणा संविधानसभालाई जसरी पनि जोगाउनुपर्छ भन्ने थियो र यसको पक्षमा एकैखाले विचार प्रवाह भएको थियो । त्यसपछि पटक-पटक गरेर संविधानसभाको म्याद थपिँदा पनि संविधान निर्माण कार्य सफल भएन र सर्वोच्च अदालतले म्याद नथप्ने आदेश जारी गरेको थियो । पहिलो संविधानसभाको चार वर्षे म्याद सकिनु चार दिन अगाडि "समस्या पन्छाउने सहमति" शीर्षकको सम्पादकीयमा *कान्तिपुर* (२०६९ : ६) लेख्छ, "दलहरूले संविधाससभाको अवधि थप्ने जोखिमपूर्ण र अलोकप्रिय विकल्प रोज्नुभन्दा जेठ १४ पछि निरन्तर बैठक गरेर संविधान जारी गर्ने विकल्पमा जानुपर्छ ।" उता *नागरिक*ले चाहिँ संविधानसभाको म्याद लामो समय थप्न नहुने तर संविधान आउने सुनिश्चित भएमा त्यसका लागि तीन महिना थप्न सकिने अडान लिएको थियो । जेठ ११, २०६९ मा "म्याद थप उचित" शीर्षकमा प्रकाशित *नागरिक* दैनिकको सम्पादकीय भन्छ, "ढिलै भए पनि सबैलाई अपनत्व हुने खालको संविधान जारी गर्नु अहिलेको आवश्यकता हो । यस्तो अवस्थामा संविधानसभाको म्याद थप गरेर भए पनि सबैलाई सर्वस्वीकार्य हुने संविधान जारी गर्न दलहरूले ध्यान दिनुपर्छ" (नागरिक २०६९ : ६) ।

विशेष गरी *कान्तिपुर* र *द काठमाडौँ पोष्ट* दैनिकमा संविधान निर्माणका विषयमा पहिचानवादीका मुद्दालाई स्थान दिएको र उनीहरूलाई संविधान निर्माणको प्रक्रियाबाट बाहिर नजान बारम्बार दबाब दिएको दृष्टान्त पाइन्छ । यी पत्रिकाले प्रभुत्वशाली समूहलाई राजनीतिक र संवैधानिक स्थायित्व कायम गर्न पहिचानवादीलाई साथ लिएर अगाडि बढ्न आग्रह पनि गरेका थिए । कतिपय सन्दर्भमा पहिचानवादीलाई बढी स्थान दिएर प्रभुत्वशाली वर्ग विरुद्ध परिचालन गरेको पाइन्छ । त्यसै गरी *नागरिक* र *रिपब्लिका* दैनिकले विशेषतः पहिचानवादी राजनीतिको विरोधी समूह बहुमतमा रहेको र उक्त समूह संविधान निर्माणको प्रक्रियामा रहेकाले पहिचान पक्षधरलाई सम्झौतामा आउन आग्रह गरेका थिए । यी पत्रिकाले पहिचानवादीहरूको एजेण्डा संविधान निर्माणपछि पनि सम्बोधन गर्न सकिने आशय उल्लेख गरेका थिए । संविधान जारी नभए राजनीतिक अस्थिरता बढ्ने र त्यसको जिम्मेवारी सीमान्तकृत समूहका अगुवाले लिनुपर्ने तर्क पनि उनीहरूको थियो । उदाहरणको लागि, भदौ २२, २०७२ मा प्रकाशित *नागरिक* दैनिकको सम्पादकीयमा तत्कालीन संवैधानिक प्रक्रियासँग विमति राख्ने मधेसवादी दलहरूलाई संकेत गर्दै उनीहरूले संवैधानिक प्रक्रियामा सहभागी हुने अवसर गुमाएको र अबको एउटै विकल्प संविधान जारी भए पनि उनीहरूको माग अनुरूप पछि संशोधन गर्न सकिने, विषय उल्लेख छ (नागरिक २०७२क) । त्यसै गरी भदौ २५, २०७२ मा प्रकाशित "विवेक नगुमाउँ" शीर्षकमा प्रकाशित सम्पादकीयमा

*नागरिक*ले वार्तालाई अस्वीकारेर मधेसी दलहरूले संकट चर्काउने काम गरेको आरोप लगाएको छ (नागरिक २०७२ख) ।

संविधान निर्माणको तत्कालीन समयमा गणतन्त्रलाई संस्थागत गर्ने र संघीयतालाई कार्यान्वयन गर्ने विषय प्रभुत्वशाली संकथन बनेको थियो । विचार सम्प्रेषणको सन्दर्भमा दुवै प्रकाशन गृह यस संकथनको विपरीत थिएनन् । बरु त्यसको विरोधी स्वरलाई भने बेवास्ता गरेका थिए । यी मिडियाले गणतन्त्रको स्थापनापछि तत्कालीन राजा र उनका समर्थकको विचारलाई भने लगभग निषेध नै गरेको पाइन्छ । *कान्तिपुर* दैनिकका तत्कालीन समाचार सम्पादक हरिबहादुर थापा योजनाबद्ध रूपमा नै राजावादी विचारलाई निषेध गरिएको बताउँछन् ।[१०] उनका अनुसार राजाले मिडियालाई बढी नै दुःख दिएका कारण यसो गरिएको थियो । दुःख दिएकै कारण कुनै विचारलाई निषेध गर्दा यस प्रकरणमा मिडियाको सार्वजनिक वृत्तको भूमिकामा पर्ने असरबारे बेवास्ता हुन पुग्यो । तर, *कान्तिपुर* दैनिकका तत्कालीन प्रधान सम्पादक सुधीर शर्मा चाहिँ राजा त्यस बेला कुनै पनि पदमा नभएका र कुनै गतिविधि नगरेका कारण उनको विचार र समाचार नआएको बताउँछन् ।[११] राजावादी पार्टीको रूपमा चिनिएको कमल थापाको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका समाचारहरूलाई भने आफूहरूले स्थान दिएको शर्माको दाबी थियो । यद्यपि त्यति बेला राजावादी मात्र होइन, हिन्दू धर्मको एजेण्डा बोक्नेलाई पनि मिडियाले लगभग निषेध नै गरेको देखिन्छ ।

द *काठमाडौँ पोष्ट*का तत्कालीन प्रधानसम्पादक अखिलेश उपाध्यायले कुनै पनि विचारलाई मिडियाले ठाउँ दिनुको अर्थ त्यसलाई मान्यता दिनु भएको र आफूहरूले राजावादी विचारलाई मान्यता दिन नचाहेका कारण उनीहरूको विचारलाई ठाउँ नदिएको तर्क अगाडि सारे ।[१२] *नागरिक* दैनिकका पत्रकार गुणराज लुइँटेलले आन्दोलनको समयमा दलहरूलाई साथ दिए पनि लोकतन्त्र स्थापना भएपछि सबै खालका विचारलाई आफूहरूले स्थान दिएको बताए ।[१३] उनका अनुसार *नागरिक* दैनिकले वि.सं. २०६२–२०६३ को जनआन्दोलनको मान्यता विपरीत मत राख्नेहरूलाई पनि उदार हिसाबले ठाउँ दिइएको थियो । लुइँटेलको थप कथन थियो, "राजा ज्ञानेन्द्रको विज्ञप्ति पनि प्रकाशन गरेका हौँ र केही राजावादी लेखकको विचारलाई पनि ठाउँ दिएका छौँ । किनभने विविध विचार आउनुपर्छ ।"

[१०] थापासँग भदौ २३, २०७६ मा गरिएको कुराकानी ।
[११] शर्मासँग भदौ २९, २०७६ मा गरिएको कुराकानी ।
[१२] उपाध्यायसँग भदौ २५, २०७६ मा गरिएको कुराकानी ।
[१३] लुइँटेलसँग भदौ ६, २०७६ मा गरिएको कुराकानी ।

*रिपब्लिका* दैनिकका तत्कालीन सम्पादक अमित ढकालका अनुसार समाचारलाई पूरै निषेध नै गरिएको होइन ।[१४] विशेषतः धर्म निरपेक्षता, संघीयता लगायतका महत्त्वपूर्ण विषयहरूमा मिडियाले आफ्नो दृष्टिकोण र अडान तयार पारेको देखिँदैन, बरु ती एजेण्डालाई स्वतः अनुमोदन गरेको देखिन्छ । खाली पहिचान सहितको कि पहिचान बिनाको संघीयता भन्ने विषयबारे मिडियामा बहस भए पनि संघीयताकै विपक्षी मतलाई भने स्थान दिइएको पाइँदैन । अन्तरिम संविधानले नै स्वीकार गरिसकेको र देश धर्म निरपेक्ष नै हुनुपर्ने भन्ने मान्यताका कारण आफूहरूले यस विषयमा थप बहस नचलाएको तत्कालीन नेतृत्वमा रहेको सबै सम्पादकले तर्क गरेका छन् । यद्यपि संविधान निर्माण प्रक्रियाभित्र र बाहिर पनि संघीयताको विपक्षमा उल्लेख्य मत थियो जसले प्राथमिकता पाएन ।

## समाचार कक्षको आयाम

लेखको यो खण्ड द *काठमाडौँ पोष्ट*का लागि लेखकद्वयले समाचार संकलन गरेको अनुभवमा आधारित छ । समाचार उत्पादनमा संलग्न केही पत्रकार सँगको अन्तर्वार्तालाई पनि यहाँ उपयोग गरिएको छ । हामीले समाचार कक्षमा सेना समायोजन, संविधान निर्माण प्रक्रिया, शान्ति प्रक्रियाका साथै प्रमुख राजनीतिक दल र संविधानसभाको गतिविधिलाई नजिकबाट नियाल्यौँ । सोही आधारमा विभिन्न विषयहरू समाचार कक्षभित्र कसरी उठे, के-के छलफल भए, समाचार कक्षमा नेतृत्वको आग्रह र पूर्वाग्रहले समाचार प्रवाहमा कस्तो असर पर्‍यो भन्नेबारे यहाँ चर्चा गरिएको छ ।

समग्रमा हेर्दा यो अवधिमा जेजति समाचार आए, तिनमा विषयवस्तुको गहिराइमा प्रवेश गरेर सूचना सम्प्रेषण गर्नेभन्दा पनि कुनै नेताको भनाइमा नै बढी आधारित भई सम्प्रेषण गरियो । टेलिफोन कुराकानीको भरमा अथवा बैठकपछि नेताले बाहिर बोलेको विषयलाई नै आधार बनाएर समाचार लेख्ने गर्दथ्यौँ । दिनदिनै समाचार लेख्नुपर्ने बाध्यताले यस्तो अवस्था सिर्जना भएको थियो । संविधानसभा र दलका बैठकहरू राती अबेरसम्म हुन्थे । यता पत्रिकाको डेडलाइनको दबाबका कारण जसरी पनि समाचार फाइल गर्नुपर्ने बाध्यता हामीसँग थियो । त्यसैले कतिपय सन्दर्भमा एकदमै अन्योल र अस्पष्ट समाचारहरू समेत छापिए र हामी निरीह साक्षी मात्रै बन्यौँ ।

कतिपय राजनीतिक विवाद लामो समयसम्म स्थिर रहन्थे । तर हरेक दिन नयाँ विषय खोजेर जसरी पनि समाचार लेख्नुपर्ने दबाबले हाम्रो समाचारको गुणस्तरमा असर गरेको थियो । पत्रिकाको पाना भर्नैका लागि प्रत्येक दिन समाचार लेख्नैपर्ने र हरेक दिन माओवादीकै विषयमा पहिलो पृष्ठमा समाचार लेख्नुपर्ने अवस्था समेत थियो । ढिलो

[१४] ढकालसँग भदौ २२, २०७६ मा गरिएको कुराकानी ।

भएमा उक्त दिन अन्य समाचार दिएर त्यस विषयमा थप खोज गरी भोलिपल्ट प्रकाशन गर्ने परिपाटी नै बसेन ।

तीन दल या अन्य कुनै विशेष बैठकको समाचार नै "ब्रेकिङ" गर्नुपर्ने र त्यसलाई जसरी पनि पहिलो पानाको प्रमुख समाचार बनाउने एक किसिमको प्रतिस्पर्धा नै थियो । हतारमा समाचार तयार पारिने भएकाले उही बैठकको समाचार पनि दैनिक पत्रिकामा फरक-फरक ढंगले आउँथे जसले पाठकहरूलाई पूरै अलमलमा पारिदिन्थे ।

हामी पत्रकारले कसको स्थान के हो भन्ने पस्कने काम गर्‍यौँ तर त्यसको नतिजा हेरेनौँ। हुन पनि राजनीतिक अवस्था एकदमै तरल थियो । बिहानको राजनीतिक स्थिति बेलुका परिवर्तन भइसकेको हुन्थ्यो । सम्पादकीय नेतृत्वले लिएको अडानभन्दा बाहिर जानसक्ने अवस्था बनेन । नेतृत्वले मेरो मूल्य र मान्यता एउटा छ तर विचार प्रवाहमा तिमीहरू स्वतन्त्र छौ, भनेनन् । नेतृत्वको विचार बुझेर पत्रकारहरू आफैले अघोषित नियम बनाए । समाचार कक्षमा संविधानका विषयहरूमा पर्याप्त छलफल र बहस भएन । सामान्य रूपमा संवाददातालाई समाचार के छ भनेर सोधिए पनि समाचारको "फ्रेम" चाहिँ नेतृत्वले तय गर्दथ्यो । त्यसैले फिल्डमा खटिएका संवादाताहरूले खुला र स्वतःस्फूर्त समाचार लेख्ने वातावरण अलि संकुचित थियो । समाचार कक्षमा राजनीतिक दलको "बीट" संवाददाताको राजनीतिक आस्थासँग मिल्ने गरी निर्धारण गरिन्थ्यो । यसो गर्नुको पछाडि संवाददातालाई उक्त दलसँग नजिक भएकाले सूचनाहरू राम्रोसँग संकलन गरी समाचार लेख्न सहज हुने बुझाइ थियो । यसरी सार्वजनिक वृत्तको एउटा महत्त्वपूर्ण संस्थाको रूपमा हामीले एउटा समूहको विचारलाई राम्रोसँग प्रवाह गर्‍यौँ तर समाजका अन्य विचारहरूलाई हामीले उपयुक्त स्थान दिएनौँ । त्यसैले यस सन्दर्भमा मिडियाले फराकिलो दायरामा नागरिक समाजको भूमिका खेल्न सकेको छैन ।

मधेसको विषयमा भने द *काठमाडौँ पोष्ट*ले पर्याप्त स्थान दिएको हाम्रो दाबी छ । सो पत्रिकाको तत्कालीन नेतृत्वले मधेस केन्द्रित दलका मागहरूलाई नेपालको भावी दिशा स्पष्ट गर्ने कडी मान्दै गम्भीरतापूर्वक लिएको थियो । यद्यपि समाचार कक्षमा सधैँ मधेसको मागप्रति सकारात्मक दृष्टिकोण थियो भन्ने चाहिँ होइन । राजनीतिक बीटमा अधिकांश पत्रकारहरू पहाडी पृष्ठभूमिका थिए । यदाकदा मधेसी दलको मागप्रति नकारात्मक टिप्पणी आउने र सो बीट हेर्ने सहकर्मीप्रति तिखो आलोचना पनि हुने गरेको दुईमध्ये एक लेखकको अनुभव छ । संविधान निर्माण प्रक्रिया र मधेसी सवालको बहसबारे *कान्तिपुर*, *नयाँ पत्रिका* र *गोरखापत्र* दैनिकमा सन्तुलित र गहन छलफललाई अघि बढाउने सामग्री कम भएको एक अध्ययनको निष्कर्ष छ (विष्ट २०६८) ।

नयाँ राजनीतिक शक्तिको रूपमा उदाएका मधेस केन्द्रित दलहरूको मागलाई पहाडी समुदायको बर्चस्व रहेको पत्रिकाहरूले सम्प्रेषण गर्दैनन् कि भन्ने संशय ती दलसँग जोडिएका

व्यक्तिहरूमा रही नै रह्यो । *कान्तिपुर* दैनिकका तत्कालीन समाचार सम्पादक हरिबहादुर थापाका अनुसार मधेस केन्द्रित दलका नेताहरूले उनलाई बारम्बार मधेस बीट हेरिरहेका पत्रकारलाई परिवर्तन गर्न आग्रह गरेको बताएका थिए ।[१५]

विशेषतः पत्रकारहरूले पेसागत मर्यादा र सन्तुलन कायम गर्दागर्दै पनि एकै राजनीतिक दलको निरन्तर समाचार संकलन, ती पार्टीका नेताहरू सँगको निरन्तर भेटघाटका कारण आफूले सुनेका र लेखेका कुरा मात्रै यथार्थ लाग्ने र त्यसले समाचारको सन्तुलनमा असर गरेको अनुभव समेत अन्तर्वार्ताको क्रममा केही सञ्चारकर्मीले बताएका थिए । विषयवस्तुको गहिराइमा जानेतिर नलागी नेताहरूको भनाइमा आधारित भएर समाचार तयार पार्दा जनतामा भ्रम उत्पन्न भएको पाइयो । प्रमुख राजनीतिक दलहरूले पनि आफू निकटका पत्रकारहरूलाई मात्र विश्वास गर्ने र उनीहरूलाई मात्र सूचना दिने अवस्थाको सामना कतिपय सन्दर्भमा लेखकद्वयले गरेका थिए ।

## नेपाली पत्रकारिता र सार्वजनिक वृत्त

संविधानसभाको मार्ग प्रशस्त गर्ने २०६२–२०६३ सालको आन्दोलनमा मिडियाले खेलेको भूमिकाबारे तिखो आलोचना गर्दै सौभाग्य शाह (सन् २००८ : ४३) लेख्छन्, “मिडिया, राजनीतिक दल र नागरिक समाजबीच यस्तो तादात्म्य थियो कि टेलिभिजन र रेडियो स्टेसनहरूबाट प्रसारण हुने सन्देशमा विपक्षी राजनीतिक दलको पकड थियो भने दैनिक छापा माध्यमले के सही र ग्राह्य कुरा हो भन्ने विषयको सीमा निर्धारण गरेका थिए ।” हुन पनि तत्कालीन मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरिले *कान्तिपुर* दैनिकलाई सात दल पछिको “आठौँ दल” को आरोप लगाएका थिए । शाह अगाडि भन्छन्, “आन्दोलनको उत्कर्षको बेला मिडिया आन्दोलनरत दलको ‘कमाण्ड र कन्ट्रोल सेन्टर’ जस्तै गरी चलेको थियो” (सन् २००८ : ४३) । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले एक पक्षीय वैचारिक धार पक्रेकाले भारत र पश्चिमा मुलुकहरूमा शाही सत्ताप्रति नकारात्मक सन्देश र आन्दोलनरत दलहरूप्रति सहानुभूतिपूर्ण वातावरण बनेको शाहको दाबी थियो । उनका अनुसार नेपाली मिडिया मिसन पत्रकारिताको भूमिकामा थियो । बर्माको सन् १९८८ को विद्यार्थी आन्दोलनताका बीबीसी र भ्वाइस अफ अमेरिकाले आन्दोलनको पक्षमा सकारात्मक चित्रण गरेको प्रसंग उठाउँदै नेपालमा पनि उनले त्यस्तै भएको संकेत गरेका छन् । नेपाली कर्पोरेट मिडियाले आफूले बोकेको भन्दा विरोधी विचारलाई स्थान दिएको थिएन, भन्ने शाहको तर्कसँग असहमत हुने ठाउँ छैन ।

[१५] थापासँग भदौ २३, २०७६ मा गरिएको कुराकानी ।

क्लेमेन्स एल्ब्रेख्टले सार्वजनिक वृत्त बन्ने प्रक्रिया आफ्नै खालको हुन्छ र त्यो सार्वजनिक वृत्तमा मिडियाको बढ्दो महत्त्व हुन्छ भन्ने जिकिर गरेका छन् (एल्ब्रेख्ट सन् २००५)। उनले युरोपेली मुलुकको सन्दर्भमा गरेको चर्चा नेपाली मिडियामा समेत मिल्दोजुल्दो छ। यहाँ पनि पत्रिकाको नेतृत्व वा सम्पादकीय समूहका व्यक्तिहरूको राजनीतिक झुकावले समाचार कक्षलाई प्रभावित पारी विचार सम्प्रेषण गरेको छ। फलतः सार्वजनिक वृत्तलाई निर्दिष्ट गरेको छ। एल्ब्रेख्टका अनुसार मिडियाले राजनीति र सार्वजनिकताको बीचमा आफ्नो वजन हालेको हुन्छ जसले गर्दा राजनीतिक क्रिया र त्यसको ग्राह्यतालाई मिडियाले निर्दिष्ट गर्नसक्छ।

एल्ब्रेख्टले भने झैँ माथि चर्चा गरिएका दुई प्रकाशन गृहले संविधान निर्माणको सन्दर्भमा आफ्नो सामाजिक वजन प्रयोग गर्दै राजनीतिलाई प्रभावित मात्र गरेनन् कि त्यो राजनीतिक गतिको ग्राह्यतालाई पनि दिशाबोध गरे। एल्ब्रेख्टको तर्कलाई अलिकति तन्काउने हो भने मिडियाले नेताको विचार प्रवाह मात्र गरेन, बेला बखत आफ्नो समाचार र सम्पादकीय दृष्टिकोण समेत नेताको संकथनबाट निर्देशित बनायो। समग्र प्रक्रियाको विश्लेषण गर्दा हाम्रा अधिकांश समाचारहरू घटना प्रधान देखिए। वास्तवमा यो अवधिमा राजनीतिक नेतृत्वले दिएको सार्वजनिक अभिव्यक्तिको वरिपरि नै संकथन घुमेको पाइयो। चार ओटै पत्रिकाका सम्पादकीय तथा समाचार टिप्पणीहरूले वैकल्पिक विचारहरू दिएनन्, उच्च राजनीतिक दलका नेताहरूले निर्धारण गरेको संकथनलाई नै जोड दिए।

समाचार कक्षको अदृश्य तर त्यहाँ काम गर्ने सबैले मनन गर्ने विषय परिचालन हो। मिडिया कुन-कुन स्रोतबाट परिचालित हुन्छन् भन्नेबारे सञ्चारविज्ञ डेनिस म्याक्वेल (सन् २०१०) ले मिडियाको विषयवस्तु मुख्यतः आन्तरिक र बाह्य दुई कारणले प्रभावित हुने उल्लेख गरेका छन् र उनको सिद्धान्त नेपालमा निकै सान्दर्भिक छ। पहिलो, आन्तरिक रूपमा स्वनियमन र प्रकाशन गृहको आफ्नो स्वार्थले विषयवस्तुमा असर गर्छ। दोस्रो, बाह्य रूपमा उनले विभिन्न सामाजिक संस्था, दबाब समूह र स्वार्थ समूह, मिडिया नियमन गर्ने संस्था, मिडियालाई विज्ञापन प्रदान गर्ने निकाय र समाचार स्रोतहरू छन्।

आन्तरिक स्वनियमन भन्नाले आफूलाई अनुकूल हुने गरी मिडिया मालिक अथवा सम्पादकहरूले समाचार दिने वा नदिने प्रक्रियालाई बुझ्न सकिन्छ। यही सन्दर्भमा म्याक्वेलले भनेजस्तै विभिन्न स्वार्थ समूहहरू पनि मिसिन आउँछन्। ती समूहको नेतृत्व नेता, कर्मचारी र व्यापारीले गर्न सक्छन् र तिनले आफ्नो स्वार्थ प्रतिकूल समाचार सम्प्रेषण भएमा मिडिया मालिकहरूसँग लेनदेनमा गई आफू अनुकूल परिस्थिति बनाउने प्रयास गर्दछन्। लेनदेनको कुरा स्पष्ट रूपमा गर्दा नेता र कर्मचारीले राजनीतिक र प्रशासनिक कवच प्रदान गर्ने लालसा देखाउँछन् भने व्यापारीले विज्ञापनलाई आफ्नो सबैभन्दा ठूलो हतियार बनाउँछन्।

## निष्कर्ष

कर्पोरेट मिडियाले निःसन्देह प्रभुत्वशाली वर्गको निजी स्वार्थलाई पत्रिकाका पृष्ठहरूमा स्थान दिएको हुन्छ र नेपाली पत्रकारिता पनि त्यसको अपवाद छैन । तर कर्पोरेट प्रकाशन गृहको उद्देश्य नाफा कमाउनु भए पनि तिनका प्रकाशनहरूले नागरिक समाजको पनि भूमिका खेल्न सक्छन् । नेपालमा वि.सं. २०४६ र वि.सं.२०६२–२०६३ को परिवर्तनपछि कान्तिपुर पब्लिकेसन्स र नेपाल रिपब्लिक मिडिया प्रालिले सूचना र विचारको सम्प्रेषण मार्फत समाज र राज्यको बृहत् लोकतन्त्रीकरण प्रक्रियालाई सघाएको पाइयो । ती पत्रिकाहरूले विचार निर्माण गर्नुका साथै सार्वजनिक चासोको विषयलाई पनि “फ्रेम” गरे ।

यद्यपि निश्चित मान्यताभन्दा बाहिरको विचार सम्प्रेषणमा यी पत्रिका उदार देखिएनन् । कुनै पनि सञ्चारमाध्यमले कस्ता खालका विचारहरूलाई स्थान दिन्छ भन्ने विषय त्यसको नेतृत्वले बोक्ने मूल्य र मान्यतामा पनि भर पर्दछ भन्ने यस अध्ययनले पुष्टि गरेको छ ।

संविधानसभाको प्रक्रिया बहुआयामिक सहभागितामूलक भनिए पनि यथार्थमा केही प्रभावशाली नेताहरूको वरिपरि सो प्रक्रिया घुमेको थियो र तिनै राजनीतिज्ञहरूको संकथनको सेरोफेरोमै पत्रिकाहरूले विचार निर्माण र समाचार सम्प्रेषण गरेको पाइयो । यद्यपि मिडियाहरूले पनि बेला बखतमा राजनीतिज्ञहरूको संकथनलाई प्रभावित पार्ने प्रयास गरेको पनि देखियो । यसका लागि पत्रिकाहरूले बेला बखतमा सम्पादकीय मार्फत राजनीतिज्ञहरूको संकथनलाई पनि निर्दिष्ट गर्न खोजेका थिए ।

मिडिया मालिक र सम्पादकीय टोलीको नेतृत्वकर्तासँग राजनीतिज्ञ र व्यापारीका विभिन्न प्रकारका समझदारीले सार्वजनिक हितलाई असर गर्छ । नेपालको सन्दर्भमा वि.सं. २०४६ पछि व्यावसायिक पत्रकारिताको अभ्यास केही भयो तर समग्रमा मिडियामा कार्यरत पत्रकारहरू, प्रमुख राजनीतिक दल र शक्तिकेन्द्रको नजिक मात्र भएनन्, कतिपय सन्दर्भमा उनीहरूबाट प्रभावित समेत भए जसले गर्दा मिडियाले आफ्नो व्यावसायिक कर्तव्य पूरा गर्न सकेन ।

## धन्यवाद

यो लेख तयार पार्ने क्रममा विभिन्न सुझाव दिने प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं, शेखर पराजुली, गौरव केसी, तिलक पाठक, चन्द्रदेव भट्ट, ध्रुव सिंखडा र एक जना अज्ञात समीक्षकप्रति आभार व्यक्त गर्दछौँ ।

## सन्दर्भ सामग्री

कान्तिपुर । २०६५ । राजनीतिक अलमल । वैशाख १७, पृ. ६ ।

कान्तिपुर । २०६६क । स्पष्टीकरण प्रकरण नबढाऊ । वैशाख ८, पृ. ८ ।

कान्तिपुर । २०६६ख । सहज निकास, असहज नजिर । वैशाख २२, पृ. १ ।
कान्तिपुर । २०६९ । समस्या पन्छाउने सहमति । जेठ १०, पृ. ६ ।
कान्तिपुर । २०७२ । प्रक्रिया सार, वार्ता थाल । भदौ ५, पृ. १ ।
क्षेत्री, अनिल । २०६५ । शान्ति प्रक्रियामा दैनिक पत्रिकाको भूमिका । *मिडिया अध्ययन* ३ : १३१–१५६ ।
क्षेत्री, इन्द्रध्वज । २०६९ । संविधान निर्माणबारे *हिमाल* र *नेपाल*को कभरेज । *मिडिया अध्ययन* ७ : ८९–१२४ ।
नागरिक । २०६९ । म्याद थप उचित । जेठ ११, पृ. ६ ।
नागरिक । २०७२क । अवसरले पर्खंदै । भदौ २२, पृ. ६ ।
नागरिक । २०७२ख । विवेक नगुमाउँ । भदौ २५, पृ. ६ ।
पौडेल, रामचन्द्र । २०६६ । माओवादीले मिच्यो संविधान । *नागरिक*, वैशाख २९, पृ. ४ ।
भट्टराई, कमलदेव । २०७२ । *संक्रमणकाल : बाह्र बुँदेदेखि, भारतीय नाकाबन्दी र मधेश आन्दोलनसम्म* । काठमाडौँ : बुक हिल काठमाडौँ ।
लुइँटेल, गुणराज । २०६६ । लाल अधिनायकवाद । *नागरिक*, वैशाख २८, पृ. ४ ।
लोहनी, प्रकाशचन्द्र । २०६६ । नागरिक सर्वोच्चता र सत्ता कब्जा । *नागरिक*, वैशाख २७, पृ. ४ ।
वाग्ले, नारायण । २०६६ । छापामारको सर्वोच्चता । *नागरिक*, वैशाख २५, पृ. ६ ।
विष्ट, तीर्थ । २०६८ । संविधानसभाको सन्दर्भ : मधेसका सवालबारे छापामा बहस । *मिडिया अध्ययन* ६ : १६५–१९८ ।
शर्मा, सुधीर । २०६८ । प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा । *कान्तिपुर*, पुस २०, पृ. ६ ।
Albrecht, Clemens. 2005. Genesis or Validation: The Dilemma of Theoretical Conception of the Modernization of the Public Sphere. In *Civil Society, Public Sphere and Citizenship: Dialogue and Perceptions.* Rajeev Bhargava and Helmut Reifeld, eds., pp. 197–206. New Delhi: Sage Publications.
Bhargava, Rajeev. 2005. Introduction. In *Civil Society, Public Sphere and Citizenship: Dialogue and Perceptions.* Rajeev Bhargava and Helmut Reifeld, eds., pp. 13–55. New Delhi: Sage Publications.
Habermas, Jurgen. 1991. *The Structural Transformation of the Public Sphere: An Inquiry into a Category of Bourgeoise Society.* Cambridge, Massachusetts: The MIT Press.

Kharel, Pranab and Gaurab KC. 2018. Watching the Watchdog. *Republica*, November 15, p. 7.

Mahat, Ram Sharan. 2009. Letter to UNMIN Chief Nepal. *Republica*, May 26, p. 4.

McQuail, Denis. 2010. *McQuail's Mass Communication Theory*. New Delhi: Sage Publications.

Onta, Pratyoush and Devraj Humagain. 2017. Janajati Magazines and the Contents of the Subaltern Counterpublic Sphere during the 1990s. In *Political Change and Public Culture in Post-1990 Nepal.* Michael Hutt and Pratyoush Onta, eds., pp. 99–123. New Delhi: Cambridage University Press.

Republica. 2009a. Landgren 'Reported' Shoddy Facts. May 26, p. 1.

Republica. 2009b. Recall Landgren. May 27, p. 4.

Shah, Saubhagya. 2008. *Civil Society in Uncivil Places: Soft State and Regime Change in Nepal.* Washington, D.C.: East-West Center.

The Kathmandu Post. 2009a. Go Easy. May 11, p. 4.

The Kathmandu Post. 2009b. Katwal Offers Clarification: Upholds Civilian Supremacy. April 22, p. 1.